शिवराज राजपत्र

शिवराज नगरपालिकाद्वारा प्रकाशित

खण्डः १० संख्याः १३ मितिः २०८३।०७।११

भाग-२

शिवराज नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

शिवराज नगरपालिकाको घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि (दोश्रो संसोधन), २०८३

शिवराज नगरपालिकाको घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि (दोश्रो संसोधन), २०८३

घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले नगर कार्यपालिकाबाट देहाय अनुसार संसोधन गरिएको छ।

दफा/ उपदफा/अनुसूची	साविक व्यवस्था	अब कायम भएको व्यवस्था	संसोधन/थप/ खारेज
पहिलो संसोधन कार्यविधिको दफा ६ को उपदफा (३)	(३) अन्य कुनै पालिकाबाट प्राप्त **"घ"** वर्गको निर्माण व्यवसायी इजाजतपत्र यस पालिकामा ठाउँसारीको लागि रित पुऱ्याई आएमा प्रमुख प्रशासकीय अधिकृतले अनुसूची ५- बमोजिमको योग्यता भए नभएको सम्बन्धमा सिभिल ईन्जिनीयर/ सब ईन्जिनीयर सहित सदस्य भएको समितिबाट जाँचबुझ गराई आर्थिक ऐनमा व्यवस्था भए बमोजिमको दस्तुर लिई ठाउँ सारी गरी साविक इजाजतपत्र खिची नयाँ इजाजतपत्रजारी गर्न सक्नेछ।	**अन्य कुनै पालिकाबाट प्राप्त "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र ठाउँसारीः** सम्बन्धित घरेलु तथा साना उद्योग कार्यालय, कम्पनी रजिष्ट्रारको कार्यालय,आन्तरिक राजस्व कार्यलयबाट ठाउँसारीका लागि आवश्यक प्रकृया पूरा गरी सम्बन्धित पालिकाबाट अनुरोध भई आएमा शिवराज नगरपालिकाको आर्थिक ऐनमा तोकिए बमोजिमको दस्तुर लिई ठाउँ सारी गरी साविक इजाजतपत्र खिची नयाँ इजाजतपत्र जारी गरिनेछ। **पूनश्चः** "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र ठाँउसारी गरी ल्याउदा सम्बन्धित पालिका/कार्यालयबाट सक्कलै फाइल हस्तान्त्रण भएको हुनु पर्नेछ।	संसोधन र थप
पहिलो संसोधन कार्यविधिको दफा ७ को उपदफा (१)	**इजाजतपत्रको नामसारी सम्बन्धि व्यवस्थाः** १ कुनै निर्माण व्यवसायी/फर्मले यस कार्यविधि बमोजिम प्राप्त इजाजत पत्र एकाघरको परिवार वा अरु कसैलाई नामसारी गरी दिन/लिन रित पुऱ्याई आएमा प्रमुख प्रशासकीय अधिकृतले औचित्यता हेरी आर्थिक ऐनमा व्यवस्था भए बमोजिमको दस्तुर लिई नामसारी गरि दिन सक्नेछ। तर त्यसरी नामसारी गर्दा नामसारी भई जाने व्यक्ती/फर्म सँग कार्यविधिको अनुसूची बमोजिम घ वर्गको ५- निर्माण व्यवसायीको लागि आवश्यक योग्यता पुगेको हुनुपर्नेछ।	**नामसारीः** सम्बन्धित घरेलु तथा साना उद्योग कार्यालय, कम्पनी रजिष्ट्रारको कार्यालय, आन्तरिक राजस्व कार्यलयबाट नामसारीका लागि आवश्यक प्रकृया पूरा गरी सम्बन्धित पालिका लगायतका कार्यालयबाट अनुरोध भई आएमा शिवराज नगरपालिकाको आर्थिक ऐनमा तोकिए बमोजिमको दस्तुर लिई नामसारी गरी साविक इजाजतपत्र खिची नयाँ इजाजत पत्र जारी गरिनेछ।	संसोधन र थप
		नामसारी/ठाउँसारी हुने इजाजत पत्रको हकमा अनुसूची-५ **"घ"** वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यताले बाधा पुग्ने छैन।	थप

मूल कार्यविधिको दफा २ को उपदफा २	(२) उपदफा १ बमोजिम पर्न आएका दरखास्तहरु प्रमुख प्रशासकीय अधिकृतले अनुसूची -५ बमोजिमको योग्यता भए/नभएको सम्बन्धमा सिभिल ईन्जिनियर/ सब ईन्जिनीयर सहित सदस्य भएको समितिबाट जाँचबुझ गराउनु पर्नेछ।	(२) उपदफा १ बमोजिम पर्न आएका दरखास्तहरु प्रमुख प्रशासकीय अधिकृतले अनुसूची -५ बमोजिमको योग्यता भए/नभएको सम्बन्धमा समितिबाट जाँच बुझ गराउनु पर्नेछ र जाँच बुझ समितिमा तपशिल बमोजिमका सदस्यहरु रहनेछनः १ सिभिल ईन्जिनियर/सब ईन्जिनियर २ प्रशासन तथा योजना शाखा प्रमुख ३ राजस्व शाखा प्रमुख	संसोधन र थप
मूल कार्यविधिको अनुसूची -५ को द्रष्टव्य १.	उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमणपत्रका साथै बीमा गरेको कागजातहरु पेश गर्नु पर्नेछ।	मेशिन तथा उपकरण सम्बन्धित फर्म वा प्रोपराइरटरको नाममा हुनु पर्नेछ।	संसोधन र थप
मूल कार्यविधिको अनुसूची -५ को (३) क	टिपर/टयाक्टर (एक/एक थान)	टिपर/टयाक्टर मध्ये कुनै एक थान	संसोधन र थप

प्रमाणिकरण मितिः २०८३/०६/१४

आज्ञाले,
पिताम्बर पाण्डे
प्रमुख प्रशासकीय अधिकृत